मिति : २०८०।०८।१६

श्री नेपाल वायुसेवा निगम
कान्तिपथ, काठमाडौं ।

**विषय : European Union द्वारा नेपाली हवाई उड्डयन क्षेत्रमा गरिएको स्थलगत अध्ययन सम्बन्धमा ।**

सन् २०१३ डिसेम्बर देखि नेपालको सिभिल एभिएसन अथोरिटी (CAAN) र CAAN बाट अनुमति लिई नेपालमा सञ्चालनमा रहेका सम्पूर्ण वायुसेवा प्रदायक (Air Carrier) हरु युरोपियन युनियन (EU) को Safety List मा रहेका छन् । उक्त EU Safety List बाट नेपाल (CAAN र Air Carriers of Nepal) लाई हटाउनको लागि EU बाट विज्ञहरु खटाई ११ सेप्टेम्बर २०२३ देखि १५ सेप्टेम्बर २०२३ सम्म नेपालको Civil Aviation Authority (CAAN) र Air Carriers को Sample को रुपमा Nepal Airlines Corporation र Shree Airlines को सम्वन्धित अफिसमा गई Audit (On-Site Assessment) गरिएको थियो ।

उक्त अडिटमा विशेषगरी CAAN बाट हवाई सुरक्षा सम्बन्धमा अन्तर्राष्ट्रिय सुरक्षाका मापदण्डहरु लागू गराउन सक्षम रहे/नरहेको र वायुसेवा कम्पनीहरुमा उक्त सुरक्षाका मादपण्डहरुको कार्यान्वयनको अवस्था परीक्षण गरिएको थियो ।

उक्त EU On-Site Audit पछि CAAN का कमजोरीहरुका सम्बन्धमा ३५ वटा Findings र १३ वटा सिफारिसहरु, Nepal Airlines Corporation को सम्बन्धमा २५ वटा Findings र २ वटा सिफारिसहरु तथा Shree Airlines को सम्बन्धमा पनि Findings हरु जारी भएका थिए ।

उक्त Findings हरु EU बाट प्राप्त भए पश्चात् Nepal Airlines Corporation ले यस विषयलाई गम्भीरतापूर्वक लिई एक-एक Findings हरुको Root Cause Analysis गरी Short-Term र Long-Term Corrective Action Plan तयार गरेर CAAN का Director General (DG) सहितको Expert टीम समक्ष प्रस्तुत गरी Finalize गरेर मात्र Brussels मा हुने EU Air Safety Committee बैठकमा पेश गरिएको थियो ।

Nepal Airlines Corporation ले जस्तै CAAN र Shree Airlines ले पनि आफ्नो संस्थासँग सम्बन्धित रहेका EU ले जारी गरेको findings हरुको जवाफ तयार गरेका थिए । EU अन्तर्गत Air Safety Committee (ASC) को निमन्त्रणामा EU को Brussels मा १५ नोभेम्बर २०२३ मा भएको मिटिङमा सहभागी भई बेल्जियमका लागि नेपाली राजदूत महामहीम श्री गेहेन्द्र राजभण्डारीज्यूको उपस्थितिमा CAAN, Nepal Airlines Corporation र Shree Airlines ले आ-आफ्नो कार्ययोजनाहरु प्रस्तुत गरी सौहार्दपूर्ण वातावरणमा छलफल भई बैठक समाप्त भएको थियो ।

EU बाट नेपालमा ११ सेप्टेम्बर २०२३ देखि १५ सेप्टेम्बर २०२३ सम्म भएको On-Site Assessment (अडिट) र बेल्जियममा १५ नोभेम्बर २०२३ को Air Safety Committee बैठकमा प्रस्तुत भएका CAAN, Shree Airlines र Nepal Airlines Corporation को कार्ययोजनाहरुलाई विश्लेषण गरी EU

ले हाल नेपालले हवाई सुरक्षाको क्षेत्रमा केही प्रगति हासिल गरे तापनि CAAN को न्यूनतम अन्तर्राष्ट्रिय सुरक्षाका मापदण्डहरु नेपालमा लागू गर्ने जिम्मेवारी पूरा गर्ने वर्तमान क्षमतामा विश्वस्त हुन नसकिएकोले EU Safety List बाट नेपाललाई नहटाउने निर्णय भएको २९ नोभेम्बर २०२३ मा जनाएको छ ।

*Quote on Report:*

*"This notwithstanding, in view of the safety deficiencies identified during the visit concerns remain about the current capacity of CAAN to properly discharge the responsibilities required by relevant international safety standard."*

उक्त सूचनामा CAAN, Shree Airlines र Nepal Airlines Corporation का Safety Management System, Root Cause Analysis and Corrective Action Plan Implementation लगायतका क्षेत्रहरुमा विशेष ध्यान दिई योजनावद्ध ढंगले कार्यहरु गर्न सुझाएको छ । तीनवटै संस्थाहरुका कमजोरीका क्षेत्रहरु पहिचान गरी विस्तृत रुपमा "Excerpt of Regulation Regarding the Air Carriers from Nepal" शीर्षकमा उल्लेख गरिएको छ ।

यस EU On-Site Assessment मा CAAN को सन्दर्भमा निम्न विषयहरु गम्भीरतापूर्वक उठाएको देखिन्छ ।

१. यो EU On-Site Assessment नेपालमा रहेका वायुसेवा कम्पनीहरुको CAAN बाट हुने Oversight Responsibilities को सम्बन्धमा केन्द्रित रहेको जनाएको छ । यसक्रममा CAAN को आधिकारिक संस्थाको संरचना र कार्यान्वयन संरचना (विभाग, सेक्सन, कर्मचारी, कर्मचारी पदस्थापन आदि) नै फरक रहेको पाइएको उल्लेख गरेको देखिन्छ । *(EU Report Clause No. 56)*

   *The assessment visit focused its activities on CAAN in view of its role and responsibility for the oversight activities of the air carriers certified in Nepal. The assessment revealed discrepancies between the approved organizational structure and the actual distribution of sections, departments and personnel.* (EU Report Clause No. 56)

२. CAAN को हालको उड्डयन क्षेत्रमा कार्यरत व्यक्तिहरु (पाईलट, इन्जिनियर आदि) को लाइसेन्स दिने प्रक्रिया र उक्त व्यक्तिहरुको Competency Test अन्तर्राष्ट्रिय सुरक्षा मापदण्ड अनुसारको नभएको उल्लेख गरेको देखिन्छ । *(EU Report Clause No. 57)*

   *CAAN's current practices in Personnel Licensing requirements and flight examiner systems show non-compliance with international safety standards, necessitating an urgent alignment of its regulation with such standards, especially as regards examiner designations in the area of flight crew licensing.* (EU Report Clause No. 57)

2080/8/16

३. CAAN को Inspector र सहायक Inspector को Personnel License, तालिम सम्बन्धी अनुगमन प्रभावकारी नभएको साथै अभिलेख व्यवस्थापन उचित नभएको उल्लेख भएको देखिन्छ । *(EU Report Clause No. 58)*

*Moreover, the assessments have identified a gap in the effective monitoring and documentation of training for CAAN Personnel Licensing Inspector and Assistant Inspector roles.* (EU Report Clause No. 58)

४. CAAN को Flight Operation Division बाट हुने उडान कर्मचारीहरुको Fatigue (थकान), Duty Period (कार्य अवधी) सम्बन्धी नियमहरु कार्यान्वयन एवं सुपरीवेक्षणमा गम्भीर कमजोरी रहेको उल्लेख भएको देखिन्छ । *(EU Report Clause No. 59)*

*The assessment also noted significant gaps in CAAN's Flight Operations Division of, notably as regards overseeing fatigue related to duty period limitations and ensuring comprehensive compliance checks during the approval process.* (EU Report Clause No. 59)

५. CAAN को Flight Operation Division बाट हुने उडान सम्बन्धी Documentation र अनुमति (Approvals) हरु पुनरवलोकन, मूल्यांकन र Validation सम्बन्धमा Systematic Issue (प्रकृयागत समस्या) रहेको उल्लेख गरिएको देखिन्छ । *(EU Report Clause No. 60)*

*The assessment furthermore identified a systematic issue in the Flight Operations Division's approach to reviewing, evaluating, and validating air carriers' flight safety documentation and specific approvals.* (EU Report Clause No. 60)

६. CAAN को Airworthiness Inspection Division मा Audit व्यवस्थापन, तालिम कार्यक्रमको पूर्णता र Document Review Diligence सम्बन्धमा कमजोरी रहेको उल्लेख भएको देखिन्छ । *(EU Report Clause No. 61)*

*The Airworthiness Inspection Division exhibits a lack of maturity in critical aspects such as audit control, training program completeness, and document review diligence.* (EU Report Clause No. 61)

यसरी EU बाट १४ सेप्टेम्बर २०२३ देखि १६ सेप्टेम्बर २०२३ मा नेपालमा भएको On-Site Assessment ले औंल्याएका विषयहरु र हालै EU ले २९ नोभेम्बर २०२३ मा CAAN का Director General लाई सम्बोधन गरी पठाएको पत्रमा "Excerpt of Regulation Regarding the Air Carriers from Nepal" शीर्षक अन्तर्गत Nepal Airlines Corporation सँग सम्बन्धित विषयहरुलाई सम्बोधन गर्न Nepal Airlines Corporation प्रतिवद्ध रहेको छ ।

तर European Union (EU) बाट २९ नोभेम्बर २०२३ मा Director General of CAAN, Nepal लाई सम्बोधन गरी पठाइएको पत्रमा EU ले नेपाललाई EU Safety List बाट नहटाउनुको कारण Civil Aviation Authority of Nepal (CAAN) को सम्बन्धित अन्तर्राष्ट्रिय हवाई सुरक्षाका मापदण्डहरु लागू गर्ने जिम्मेवारी पूरा गर्न सक्ने क्षमतामा प्रश्न चिन्ह रहेको स्पष्टसँग उल्लेख गर्दागर्दै

२०८०/८/१६

पनि नेपाल वायुसेवा निगमको कमजोरीका कारण नेपाललाई EU ले Safety List बाट नहटाएको भन्ने विषय भ्रमपूर्ण रहेको छ ।

EU बाट २९ नोभेम्बर २०२३ मा CAAN लाई पठाइएको रिपोर्ट यसैसाथ संलग्न गरिएको छ ।

| | | | |
|---|---|---|---|
| ........................ | ........................ | ........................ | ........................ |
| एएमई श्री धिरेन्द्र रौनियार<br>सेफ्टी म्यानेजर | ई. श्री पोषक ज्ञवाली<br>निर्देशक,<br>क्वालिटी एस्योरेन्स विभाग | क्या. श्री श्रवण रिजाल<br>निर्देशक,<br>अपरेसन्स विभाग<br>2080/08/16. | श्री युवराज अधिकारी<br>कार्यकारी अध्यक्ष |